नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक ३३ २०८१ साल चैत २४ गते आइतवार (6 Apr. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** संचारकर्मीहरुको सुरक्षाका ... **पृष्ठ ३ मा :** अनुभव र विश्लेषण : चैत्र १५ ... **पृष्ठ ४ मा :** स्वास्थ्य बिमा सेवामा ... **पृष्ठ ५ मा :** "किसानको आली देखी ...

## राजतन्त्रको पुन:स्थापना सम्भव छैन : पूर्वप्रम नेपाल




**राजविराज**/नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले आन्दोलनले हटाएको राजतन्त्रको पुन:स्थापना सम्भव नरहेको बताएका छन् ।

नेकपा एकिकृत समाजवादी सप्तरीको १०औं जिल्ला अधिवेशनको बुधबार राजविराजमा उद्घाटन समारोहलाई सम्बोधन गर्दै पूर्व प्रधानमन्त्री नेपालले यस्तो बताएका हुन् ।

वंशवादको शासनको नाउँमा फेरी जंगबहादुरलाई ल्याउने हो भन्दै उनले प्रश्न गरे । नेपालमा वंशका आधारमा निरंकुश शासन गर्ने प्रणाली सदाका लागि अन्त्य भएको उनको दावी थियो ।

राजतन्त्रकालमा भएको दमनको भुक्तभोगी आफू समेत भएको र दमनको जम्मै कुरा नेपाली जनतालाई पनि अझै याद रहेको उनले जिकिर गरे । आफू समेत पुर्वराजा ज्ञानेन्द्रबाट दु:ख पाएको स्मरण गर्दै उनले मोवाईल खोसी, सम्पर्क विहिन बनाई र घरमा नजरबन्द राखेको अनुभव समेत सुनाए ।

उनले पछिल्लो समय काठमाडौंमा भएको राजावादी आन्दोलनलाई अराजक गतिविधको संज्ञा दिदै अराजक समूहले आफूहरुको पार्टी कार्यालयमा तोडफोडका साथै सम्पति लुटपाट गरेको आरोप समेत लगाए ।

नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष प्रतापनारायण चौधरीको अध्यक्षतामा आयोजित उद्घाट्न समारोहमा केन्द्रिय उपाध्यक्ष धर्मनाथ साह, प्रदेश सांसद एवं पुर्व मन्त्री गोविन्द न्यौपाने, मधेश प्रदेश अध्यक्ष एवं पोलिटव्युरो सदस्य रामचन्द्र यादव, प्रदेश सचिव एवं पोलिटव्युरो सदस्य सुधिर साह, महिला नेतृ एवं पोलिटव्युरो सदस्य उषा पोखरेल, पार्टीका प्रचारप्रसार विभागका केन्द्रिय प्रकाश खतिवडा, नेपाल रेल्वेका महाप्रबन्धक निरन्जन झा लगायतको उपस्थिति रहेको थियो ।

बुधवार नै अध्यक्ष एवं पूर्वप्रधानमन्त्री नेपालले जिल्ला समन्वय समितिको सभाकक्षमा सभापति शिवनारायण साहको उपस्थितिमा सुरक्षा निकायका प्रमुखहरुलाई भेटेर जिल्लाको समग्र सुरक्षा अवस्था, राजावादीको गतिविधि तथा सीमा क्षेत्रका सुरक्षा चुनौती लगायतका विषयमा आवश्यक जानकारी समेत लिएका थिए ।

## आगलागिमा झण्डै १५ लाख मुल्य बराबरको क्षति

**राजविराज**/गत साता सप्तरीको छुट्टाछुट्टै चार स्थानमा भएको आगलागिमा झण्डै १५ लाख मुल्य बराबरको क्षति भएको छ ।

गत आइतबार बिहान जिल्लाको हनुमाननगर कंकालिनि ननगरपालिका ९ हनुमाननगर बस्ने राजकुमार शर्माले आफै संचालन गरेको शर्मा साउण्ड सर्भिस पसलमा आगलागि हुँदा १२ लाख मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ ।

प्रहरीका अनुसार बिधुतको तार सर्ट भई आगलागी हुदा पसल भित्र रहेको ईलेक्ट्रोनिक सामानहरु पुर्ण रुपमा जलेको नष्ट हुँदा उक्त मुल्य बराबरको क्षति भएको हो ।

सोही आगोले छिमेकी हरेराम रजक र गौतम शर्माको घर समेत सामान्य क्षति भएको प्रहरीले जनाएको छ ।

यस्तै गत शनिबार जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका ४ नवटोलिया बस्ने बिरेन्द्र मुखियाको घरमा रहेको बिधुतको तार सर्ट भई आगलागी हुदा उनको एक तल्ले घर जलेर नष्ट भएको छ ।

आगलागिमा नगद ५० हजारसहित घर, लत्ताकपडा, साइकल, कमोवाइल, खाद्यान्न लगायत जलेर नष्ट हुँदा २ लाख ४२ मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

शनिबारै राती जिल्लाको खड्क नगरपालिका ४ आमहा बस्ने महिनारायण चौधरीको श्रीमतिले गहुको भुषमा आगो लगाउदा ८ जना व्यक्तिहरुको परालको टालोमा आगलागि हुँदा ४८ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

जिल्लाको बोदेबर्साइन नगरपालिका ५ भाटिन बस्ने बिन्देश्वर पण्डितको परालको टालमा शनिबारै अचानक आगो लाग्दा ८ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

ती सबै स्थानको आगो प्रहरी, स्थानीयवासी तथा बारुणयन्त्रको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## भावपूर्ण श्रद्धाञ्जली



**स्व. कमल कोइराला**

वरिष्ठ पत्रकार कमल कोइरालाको ८७ वर्षको उमेरमा चैत १७ गते निधन भएको यस दु:खद घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**अनिल कुमार अनल**
**सम्पादक**
नवीन साप्ताहिक

## मुलुकमा अझै लैङ्गिक हिंसा कायम रहनु दुर्भाग्यपूर्ण : मन्त्री सुडी

**राजविराज**/महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले मुलुकमा ५१ प्रतिशत जनसंख्या रहेको महिलाको विकास बिना मुलुकको विकास सम्भव हुन नसक्ने बताएका छन् ।

राजविराजस्थित मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजको सभाकक्षमा ६ दिने लैङ्गिक उत्तरदायी अनुसन्धान तथा संचारसीप [redacted]को शुक्रबार [redacted]त्री साहले यस्तो बताएका हुन् ।

मुलुकमा अहिले पनि लैङ्गिक हिंसा कायम रहनु दुर्भाग्यपूर्ण भन्दै लैङ्गिक हिंसा कायम रहनु कुनै पनि दृष्टिकोणबाट उपयुक्त नरहेको उनको भनाई थियो ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका मन्त्री साहले लैङ्गिक हिंसा नियन्त्रणमा तीन वटै तहका सरकारको प्रमुख जिम्मेवारी रहेको उल्लेख गरे ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले

***बाँकी अन्तिम पृष्ठमा***

उपभोक्ता हकको रक्षा गरौं ।

➢प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,
➢गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ।

त्यसैले

➢उपभोक्ता हकको बारेमा सचेत बनौं,
➢उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### काम गर्न अग्रसरता देखाउ

वर्षभरी बजेट निकासा नगरिकन सालको अन्तिम समयमा जसरी भएपनि बजेट सकाउने परिपाटीलाई अन्त्य गर्न पालिकाहरुले अग्रसरता देखाउनु पर्छ। कुनै पनि चालु आ.ब.को १० महिनासम्म काम नगर्ने तर, एकदेखी दुई महिनाको अवधीमा काम सम्पन्न गर्ने पुरानै परिपाटीलाई अन्त्य गर्नपर्छ। अनिमात्र कुनै पनि विकासीय कार्य समयमै सम्पन्न हुन्छ।

विकासको नाममा लुटतन्त्रको बाटो रोजिदैछ। विगतमा पनि त्यही परिपाटी र अहिले पनि त्यही बाटो रोजेर गरिने कार्यप्रति सबै चकित परेका छन्। यसले भ्रष्टाचारलाई प्रोत्साहन दिइरहेको देखिन्छ। हतार हतारमा गरिने कार्यले गुणस्तरता परैजाओस मात्र बजेट कुम्ल्याउने परिपाटीको क्रमलाई निरन्तरता दिइएको छ। यसरी जनप्रतिनिधिहरु यस्ता विषयमा गम्भिर नहुँदा उनीहरुमाथी विश्वसनियतामा पनि शंका गर्ने ठाउँ रहन्छ। यो जनताको मात्र नभएर सबै सरोकारवालाको प्रश्न हो। विकासीय मात्र नभएर अन्य तालिम, गोष्ठी, सेमिनार, सचेतना लगायतका कार्यक्रमहरु पनि वर्षको अन्तिम समयमै गरिन्छ। के वर्षको अन्तिम समयमा यस्ता कार्यक्रमहरु गरिएमा फलदायी हुन्छ त ? यस्ता कार्यक्रमहरु वर्षको सुरुवातमा गर्न सकिए त्यो कार्यान्वयन पनि हुन्छ।

तसर्थ यस्ता कार्यहरु गर्न गराउन सम्पूर्ण पालिकाहरु गम्भिर भएर वर्षको सूरुवातदेखी नै अग्रसरता देखाउन सके त्यसले कामको चाप घट्नुका साथै समाजमा सकारात्मक सन्देश पनि जान्छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# संचारकर्मीहरुको सुरक्षाका लागि राज्यले छुट्टै कानुन ल्याउनुपर्नेमा जोड

**राजविराज**/नेपाल पत्रकार महासंघ सप्तरीले मंगलबार पत्रकार र संचार गृहको सुरक्षामा राज्यको दायित्व विषयमा पेशागत संघ संगठनसंग गरेको अन्तरक्रियामा सहभागिहरुले पत्रकारहरुको सुरक्षाका लागि राज्यले छुट्टै कानुन ल्याउनुपर्नेमा जोड दिएका छन्।

काठमाडौंमा गत शुक्रबार मारिएका पत्रकार सुरेश रजक र तथा संचारगृहमा भएको आक्रमण विरुद्ध आन्दोलनमा उत्रेका पत्रकार महासंघले पेशागत संघ संगठनसंग अन्तरक्रियाको आयोजना गरेको हो,स। आयोजित अन्तरक्रियामा वक्ताहरुले परिवर्तनको हरेक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्दै आएका पत्रकारहरु माथि पटक-पटक आक्रमण हुँदै आएकोले उनीहरुको सुरक्षाका लागि छुट्टै कडा कानुन ल्याउनुपर्नेमा वक्ताहरुले बताए।

कार्यक्रममा बोल्दै सप्तरी जिल्ला वार एशोसिएशनका सचिव राम एकवाल मंडलले जनताको मौलिक हक र मानव अधिकारको संरक्षणमा अग्रणी भूमिका निर्वाह गर्दै आएको संचारकर्मीहरुको सुरक्षाका लागि छुट्टै कानुन ल्याउनु आवश्यक रहेको बताए। उनले संचारकर्मीहरुले अराजकता र भ्रष्टाचार विरुद्ध कलम चलाउने गरेकै कारण असुरक्षित हुँदै गएकोले कानुन ल्याउन सरकार संग माग गरे।

प्रजातान्त्रिक प्राध्यापक संघका अध्यक्ष उमेश कुमार यादवले जनतालाई सूचना समाचार दिन अहोरात्र खटिने पत्रकारलाई सुरक्षा दिन राज्य संग माग गरे। गणतन्त्र स्थापनाका लागि पत्रकारहरुले निर्वाह गरेको भूमिका स्मरण गर्दै उनले पत्रकारको सुरक्षाप्रति संम्वेदनशील भएर राज्यले कानुन ल्याउनु पर्ने जिकिर गरे।

नेपाल पत्रकार महासंघ सप्तरीका पुर्वअध्यक्ष बैद्यनाथ झा तथा पुर्वअध्यक्ष मुरली प्रसाद यादवले पत्रकार र संचारगृहको सुरक्षा गर्ने दायित्व कसको ? भन्ने प्रश्न उठाए। सुनियोजित रुपमा सुरेश रजकको निर्मम हत्या भएपनि अहिले सम्म संलग्न व्यक्ति पक्राउ नपर्नु राज्यको कमजोरी भएको उनीहरुको कथन छ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा आयोजित कार्यक्रममा पत्रकार एवं अधिकारकर्मी मनोहर पोखरेल, नेपाल प्रेस युनिययनका अध्यक्ष विनय कुमार लाल कर्ण र नेपाल प्रेस मञ्चका अध्यक्ष भूषण कुमार सिंहले पत्रकारको निर्मम हत्या गर्ने, घाईते बनाउने र संचारगृहमा आक्रमण गर्ने उपर अविलम्ब सरकारले पक्राउ गरि कारवाही अगाडी बढाउन तथा घट्नाबाट पीडित बनेकाहरुलाई क्षतिपूर्ती उपलब्ध गराउन माग गरे।

# चैती छठपर्व सम्पन्न

**राजविराज**/उदाउँदो सूर्यलाई अर्घ्य दिँदै शुक्रबार बिहान चैती छठपर्व सम्पन्न भएको छ। चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन बिहान विभिन्न जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै धुमधामका साथ चैती छठपर्व सम्पन्न भएको हो।

छठपर्वको विशेषता भनेको यसको आधिकारिक पूजा पोखरी र नदीमा मात्र गर्नुपर्ने परम्परा हो। भक्तजनहरू बिहीबार साँझ परम्परागत फलफूलजस्तै केरा, भुसवा, ठकुवा, नरिवल, उखु, मुला आदि लिएर सूर्यलाई अर्घ्य अर्पण गरेका थिए।

पौराणिक कथनअनुसार आदिकालमा सती अनुसूयाले रोगग्रस्त पतिलाई निको पार्न भगवान सूर्य र षष्ठी देवीको पूजा आराधना गरेका थिए। महाभारत कालमा पनि पाँच पाण्डवकी पत्नी द्रौपदीले कौरवहरूको पराजयको लागि सूर्यदेवको उपासना गर्दै छठपर्व मनाएको उल्लेख पाइन्छ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने तथा सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ। सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठपर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्छ।

चार दिनसम्म मनाइने यस पर्वको पहिलो पर्वको पहिलो दिन 'नहाय-खाय', दोस्रो दिन 'खरना', तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्ने र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य दिने परम्परा रहिआएको छ।

# सरकारी निकायमा सेवा लिन जाँदा ढिलासुस्ती हुँदा नागरिकमा बितृष्णा : मन्त्री लेखी

**राजविराज**/मधेश सरकारका गृह, संचार तथा कानुन मन्त्री राजकुमार लेखीले सरकारी निकायमा सेवा लिन जाँदा ढिलासुस्ती हुँदा नागरिकमा वितृष्णा सिर्जना भएको बताएका हुन्।

शुक्रबार लालबन्दीमा आयोजना गरेको स्थानीय तहको कानुन तर्जुमा सम्वन्धी दुई दिने अन्तरक्रियालाई सम्वोधन गर्दै मन्त्री लेखीले यस्तो बताएका हुन्।

उनले नेतृत्व तहबाट एउटा कुरा बोल्ने र व्यवहारमा अर्कै देखाउने कारणले नागरिकमा वितृष्णा बढेको समेत बताए।

जिल्ला प्रशासन, प्रहरी, मालपोतलगायतका कार्यालयमा नागरिक चार/पाँच घण्टा लाइनमा बसेर काम नहुने परिपाटी ठूलो समस्याको रुपमा रहेको र यही अवस्थाले गर्दा नै नागरिकमा अहिलेको व्यवस्थाप्रति विकर्षण पैदा भएको उनको भनाई छ। उनले नागरिकलाई सहज हुने किसिमले ऐन, कानून निर्माण गर्नुपर्ने जोड समेत दिए।

फरक प्रशंगमा मन्त्री लेखीले लोकतन्त्र, गणतन्त्र, संघीयता र समावेशिता ल्याउन पत्रकारको पनि महत्वपूर्ण भूमिका रहेको भन्दै प्रशंसा गरेका छन्। बिहीबार र शुक्रबार २ दिन आयोजित स्थानीय तहको कानुन तर्जुमा सम्वन्धी अन्तरक्रिया कार्यक्रममा सर्लाहीको २० वटै पालिकाबाट जनप्रतिनिधि र कर्मचारी सहभागी भएका छन्।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**

# अनुभव र विश्लेषण : चैत्र १५ र उठेका राजनैतिक सवालहरू

**केशवप्रसाद लम्साल**

तन्त्रहरुमा ? हरेक आन्दोलनहरूमा साधारण र निर्दोष जनताहरू मात्रै मारिनुपर्ने, पिल्सिनुपर्ने, जल्नुपर्ने अत्यन्त दुःखद घटना हुँदैछन् ।

गाई मारेर छालाको डमरु बनाउनु अनि बजाउँदै हिड्नेहरुसंग र त्यस्ता अपराधको साक्षी बस्नु प्रजातन्त्रमा विश्वास गर्ने जनताहरुका लागि दुःखद हो ! पत्याउन मुस्किल लागिरहेको थियो; जब नेपालका ज्योतिषहरू २०८१ साल गणतन्त्रको अन्त्य हुने सालअनि राजा फर्किने साल र ठूलाठूला विनाश हुने साल भनिरहेका थिए । हाल आएर सो साबित हुँदै गएकोले अझ केही ठूला विनाशहरु हुने निश्चित जस्तै देखियो चैत्र १५ को घटनाबाट । शासकहरू यति भ्रष्ट, नस्लिय, निर्मम र निरंकुश हुँदा रहेछन् भन्ने कुरा हामी लगायत अबको पिढीले प्रत्यक्ष देख्न पाए । पहिले पहिले २००७ साल, २०१७ साल, २०३६ साल, २०४६ साल, २०६२-६३ का आन्दोलन र परिवर्तनहरुमा केही मिडियाहरुका कुरा मात्र सुन्नुपर्ने र त्यसैलाई सत्य मान्नुपर्ने अवस्था थियो । अहिले प्रविधि, अवस्था र व्यवस्था फेरिएकैले होला हरेक घटनालाई प्रत्यक्ष रुपमा देख्ने र सो मूल्याङ्कन गर्ने अवसर हरेक नागरिक र विश्वले पाएको छ ।

**नेपाली कांग्रेस र लोकतन्त्र**

दुःखद घटना घट्दै छन्, नेपाली कांग्रेस जस्तो लोकतान्त्रिक पार्टीले गणतन्त्र र लोकतन्त्रमा जनताको जनमत नबुझ्नु गलत हो । इतिहासमा हेर्दा २०५० देखि २०६५ सम्म जनता मारा कम्युनिष्ट चरित्रका शासकहरूसँग झुकेर र तिनैको पुच्छर समातेर वैतरणी तर्न खोज्नु प्रजातन्त्रमा विश्वास गर्ने तमाम नेपाली जनता र विश्व परिवेशलाई धोका हो जस्तो लाग्दछ । नेपाली कांग्रेसले नयाँ आउने युवा जनशक्तिलाई समेत साथमा लिएर अगाडि बढ्नु पर्नेमा, बिचौलिया र भ्रष्टहरूको उक्साहटमा नयाँ र प्रजातान्त्रिक शक्तिहरूलाई निस्तेज गर्ने तर्फ लाग्दा जनतामा चरम निराशा उत्पन्न भई विभिन्न खाले प्रलोभन र आशाहरूतिर मान्छेहरु भड्किएका छन् । त्यसैको परिणाम चैत १५ को घटना हुन सक्छ । तसर्थ नेपाली कांग्रेसको ककम्युनिस्टकरण जनतालाई मन परेको छोइन, कांग्रेसले आफूलाई सम्हाल्न नसक्दा जनताहरू विभिन्न तन्त्रतिर भड्किन थाले । एउटा प्रजातान्त्रिक पार्टीले जिम्मेवार भएर देश र जनताका पक्षमा उभिनुपर्ने आजको आवश्यकता छ । कम्युनिस्टहरूले चलाएको गोटीमा फस्नुभन्दा अहिलेका युवा पंक्तिहरु र जनताका वैकल्पिक भरोसा बन्दै गएका राजा, रवि, हमाल, हर्क, कुलमान, पुन जस्ता पार्टी र व्यक्तिलाई साथलिएर आफ्ना पार्टीभित्र भएका भ्रष्ट, तस्कर र भ्रष्टाचारका आरोप लागेका र मुछिएका नेता र कार्यकर्ताहरुलाई पाखा लगाउँदै नयाँ युगको सुरुवात गर्नु जरुरी छ र । कम्युनिस्ट र कमाउनिस्टहरूसँग साँठगाठ गर्नु अनि हिंसा र निस्तेजको राजनीति गर्नु भन्दा राजा र जनतासँग मिल्नु नै नेपाली कांग्रेस, नेपाल राष्ट्र र नेपाली जनताको भाग्य र भविष्य जोडिएको हुनेछ ।

पहिलो प्रजातन्त्र स्थापना २००७ सालपछि समेत देशमा अस्थिर राजनीति सरकारमा भ्रष्टचरित्र बढ्दै जानु र गुटबन्दी झाँगिनु २०१७ सालको व्यवस्था परिवर्तन थियो जस्तो लाग्छ इतिहास अध्ययन गर्दा । २०१७ सालमा प्रजातन्त्र मासेर पञ्चायत व्यवस्था आयो योजनाबद्ध विकास, आर्थिक अनुशासन, आधुनिक र समाजवादी भूमिसुधार, औद्योगिक युग, यातायात, शिक्षा र विकासले पाइला चाल्न थाल्यो । पंचायत आएपछि कांग्रेस तथा अन्य दलहरूले भ्रष्टाचार गरेनन वा गर्न पाएका थिएन सो कारणले गर्दा २०१७ साल पछि कांग्रेस, कमुनिस्ट भारत पसे ।पंचायत सरकारको कारणले गर्दा उनीहरुको दैनिक जीवन चन्दा उठाएर मुस्किलले चलेको थियो । अब २०४६ सालको आन्दोलन सफल भएपछि यी सबै राजनैतिक दलहरु भस्ट्राचारमा लिप्त भएर् कमाऊ धन्दामा लागे राजाको सासनकालमा सुरुगरिएका उद्योग र औधोयोगिक क्षेत्र सखाप पारिए, अनि युवालाई पस्स्पोर्ट थामाइयो । यी दलहरुका न कुनै सिद्धान्त, राष्ट्रियता, विकास, लक्ष्य निर्धारण र पूरा गर्ने देखिए केवल बिदेसी बाद र उपवादहरु अंगाले ।

अगुल्टोले हानिएको कुकुर बिजुली चम्कदा तर्सिन्छ भने जस्तै यिनका मनोवृति तर्सिएका छन् । २०१७ साल देखि २०४६ सालसम्म कुन अवस्थामा आफ्ना अग्रजहरु बस्नु परेको थियो त्यसैले भस्ट्राचार गर्नमा नग्न भएरनै अधिकांश नेता कार्यकर्ताहरूले सत्ता र शक्तिको दुरुपयोग गरेर आफूलाई नवसामन्त बनाउन र नवधनाढ्य बनाउन लागे । विकास र उद्योगबाट आमूल परिवर्तन हुँदै गएको राष्ट्रमा ठूलाठूला उद्योगहरू समाप्त पारिए, वन जङ्गल र जमिनहरू कब्जा गरिए र फेरि हिजोका किसानका सन्तान आजका नवधनाढ्य र नावसामंत बन्न थाले । फलस्वरूप २०५२ सालको माओवादी द्वन्द जनताको जीवन उकास्न , साम्यवाद र समाजवाद स्थापना गर्न, भ्रष्टाचार रजातीय विभेद अन्त्य गर्न र दलीय व्यवस्थाको विरुद्धमा भनेर जनताहरूलाई उक्साएर देशलाई रणभूमिमा धकेलियो । शासक र नेता वर्गहरूको केही नोक्सान भएन तर हजारौं हजार सर्वसाधारण जनताहरू मारिए, काख रित्ता भए, सिन्दुर पुछिए, सनातन हिन्दु धर्म संस्कार , विकास धनजन, शिक्षा र संस्कृति जल्दै गए ।

**माओबादी र जनयुद्द**

हिजो २०५२ बाट हामी जवान हुँदै गर्दा माओबादीहरुले जंगलबाट सुरुगरेको द्वन्दले हाम्रो पुस्ताले ज्यान, धनजन, जवानी, क्षमता र अवसरहरु गुमाउनु पर्यो । अधिकांस गाउँहरु रित्ता भए र बिस्तारै बिदेस पलायनको यात्रा सुरु भयो । आज सचेत बौद्धिक युवा जमातहरु देश बाहिर छन् अनि यहाँ चाहिँ हुल्लडबाज कार्यकर्ता मात्र, जसलाई सबैले प्रयोग मात्र गरे । हाल २०८१ बाट राजधानीबाट सुरु गरिएको अर्को आन्दोलनले फेरि हाम्रा सन्तानहरू जवान हुँदै गर्दा उनीहरूको पनि जवानी, क्षमता, दक्षता र अवसर गुमाउने होलान् । यो क्रान्ति वा आन्दोलन केका लागि र किन थियो र हुँदैछ? के पाए जनताहरूले सबैखाले तन्त्रहरुमा ? हरेक आन्दोलनहरूमा साधारण र निर्दोष जनताहरू मात्रै मारिनुपर्ने, पिल्सिनुपर्ने, जल्नुपर्ने अत्यन्त दुःखद घटना हुँदैछन् ।

नेपाली समाजले यी सबै हेराहेकै थिए र् बिरोध गरिरहेका थिए । केही चालकहरु यही मौकामा अकुत पैसा कमाइ आफ्नो बाटो लागि सके र कोही फेरि कमाउने बाटोमा तल्लिन छन् धर्म, संस्कार र संस्कृति मासेर । आफ्नो घर आगो सल्काएर अनि फेरि खरानीको व्यापार गर्दैछन् यहाँ । विश्लेषण गरौं नेपालमा कम्युनिस्ट जनताहरू वास्तवमै सरल सभ्य र शालिन छन् । तर नेताहरु हुँदै गएपछि उनीहरूको चरित्र फेरिन्छ । केहीहरू भ्रष्ट दलाल र तस्कर बन्दै जान्छन् । इतिहासमा नाम लेखाएका पुष्पकमल, मदन भण्डारी, मनमोहन जस्ता कम्युनिस्ट नेताहरु आज पनि जनताहरूको मन मनमा बसेका छन् । त्यसैले जनताहरु अझै कम्युनिस्ट छन् । आज ती ऐतिहासिक नेताहरूको नाम बेचेर बनेका नव कम्युनिस्टहरू छन् त्यसैले भ्रष्टाचार छ र जनता आजित छन् । कम्युनिस्टहरूको स्वभाव नै हिजोका सामन्तवादमा आफू पिल्सिएका हुनाले अब फेरि आफूले नै सामन्तवाद रोप्नु र हुर्काउनु पर्दछ अनि त्यसैमा आफू एउटा राजालाई पाखा लगाएर हजार राजाहरू बन्नुपर्दछ र राज्यभोग गर्नुपर्दछ भन्ने कुटिल मानसिकताबाट चलेका देखिन्छन् ।

**चैत्र १५ र तीनकुनेको घटना**

हिजोको तीनकुनेको घटनाको बिभिन्न दृश्य विश्लेषण गर्दा उब्जाएको गम्भीर प्रश्नहरू- विरोधसभा सुरू नहुँदै बिथोलिनु, राष्ट्रिय गान बजिरहेको बेला संवैधानिक अधिकार प्रयोग गर्दै एउटा समूहले प्रशासनको अनुमति लिएर शालिन र सभ्य रूपमा कार्यक्रम उद्घोष गरिरहँदा लुकेर जनतामाथि अश्रुग्यास र गोली प्रहार गर्नु राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा लज्जित हुने र राज्यले मानव अधिकार तथा संवैधानिक अधिकारको उल्लङ्घन गरेको घटना हो । व्यक्तिगत घरमा घरधनीको स्विकृति वा जानकारीबेगर अश्रुग्यास भण्डारण गरिनु, घरमाथिबाट सभास्थलमा अश्रुग्यास हानिनु, हानिएका अश्रुग्यासहरू डेट एक्स्पायर हुनु, सिभिल ड्रेसमा भएका व्यक्तिको हातमा रिभल्भर देखिनु, गोली चल्नु, पसल लुटिनु, निजी गाडी जलाईनु, गणतन्त्रवादी समाजवादी मोर्चा र राजसंस्थावादीको प्रदर्शन कार्यक्रम एकै दिन पारेर आयोजना गर्न स्वीकृति दिनु र आयोजना गर्नु । शान्तिपूर्ण सभामा घुसपैट हुनु, दमन र हस्तक्षेप गरिनु, मुडभेटको स्थिति सिर्जना गर्नु र जनताहरूलाई उत्तेजित गराइनु गलत हो ।

यस्तो दुखद घटना र परिस्थितिको सरकार वा आयोजकका तर्फबाट कसैले जिम्मवारी नलिनु, युवाहरूको बढ्दो आक्रोश, बेरोजगारी, व्यवसायमा गिरावट, राज्यले कुनै पनि जनतामाथिको दायित्व नराख्नु, व्यापार व्यवसाय चौपट हुनु, युवाहरू विदेशिनुपर्ने दर बढ्नु, सरकार सञ्चालक र राजनीतिक दलहरूले आफ्ना कार्यकर्तालाई मात्र जनता ठान्नु, विभेदको राजनीति, भ्रष्टाचार र तस्करीलाई प्रशय दिनु र संलग्न रहनु । बौद्धिक तर सचेत युवाहरू देशमा बस्न नचाहनु जस्ता आवाजहरूलाई तत्काल सम्बोधन नगरेर निस्तेज गर्दै द्वन्द र मुडभेडतिर लैजानु तत्कालीन समस्या हो ।

सरकारले आफ्ना असक्षमता, भ्रष्टाचार, तस्करी, जस्ता विषयहरूमा विषयान्तर गर्न विभिन्न समयमा गर्ने गतिविधि मध्ये चैत्र १५ को दुखद घटनापनि हो जस्तो लाग्दछ: जस्तै सहकारी ठगीको नाममा आफ्ना कार्यकर्ता पोस्न र उन्मुक्ति दिन रवि लामिछानेलाई फसाउनु, गिरिबन्धु, वाइडबडी, मानव तस्करी, सुनकाण्ड, सुन काण्ड, ललिता निवास, बाल मन्दिर, बाँसबारी, गुठी, नयाँ भूमि लुट ऐन, डलरहरूको ओसारपसार काण्ड लुकाउन, विद्युत प्राधिकरणलाई समेत बिचौलिया कांग्रेसी र कम्युनिस्टकरण गर्नका लागि र जनताको दिमाग मोड्नका लागि सरकारले नै घटाएको अर्को घटना हुनसक्छ यो ।

दुर्गा, रवि, बालेन, कुलमान, हर्क, हमाल जस्ता व्यक्तिहरूप्रति युवा र जनताहरू भरोसा खोज्न थालेकाले जनता भड्काउन र जनताको दिमाग अन्तै मोड्न अनि आफू र आफ्नाको हालीमुहाली गरिराख्न यो सब बित्तण्डा अपनाइएको हुनसक्छ सरकारमा बसेकाहरुले । बाँकी जनताहरू र यिनका भ्रष्टाचारका मुद्दाहरु ओझेलमा परुन् र अर्कैतिर जनआक्रोश बढोस् सरकार र दल चाहन्छन् । सरकार र सरकारमा बसेकाहरुले जनताका अभिभावक र भरोसा हुनुपर्नेमा जनमानसलाई गलत तरिकाबाट तुच्छ अभिव्यक्ति दिनु, खिसी टेउरी गरेर बोल्नु, भ्रष्टाचारलाई प्रसय दिनु, मुठभेडलाई उक्साउनु, अभिव्यक्ति स्वतन्त्रमा दमन गर्नु जन आक्रोस बढाउनु हो ।

**बालेन र जरिबाना**

काठमाडौं महानगरपालिका र बालेनको पनि अर्को बदमासी थपिएको हो कि जस्तो लाग्यो । सोही दिनको कार्यक्रममा गणतन्त्रवादीहरूले सडक बन्द गराएर गरेको कार्यक्रमलाई कुनै जरिवाना नतोकिनु तर राजतन्त्रवादी मोर्चाहरुले खुल्ला चौरमा गरेको कार्यक्रममा राजालाई पत्र काटेर जरिमाना तोक्नु विभेदपूर्ण र न्यायसंगत देखिँदैन । यसले बालेनको छविलाई समेत पछाडि पार्न सक्ने संकेत गर्दछ । दरबार मार्गमा एमालेले गरेको कार्यक्रम नसकिँदै जरिवाना काट्नु अनि नेकपा एमालेले जरिवाना नतिर्नु र फेरि त्यही डरले हुनसक्छ माओवादी लगायतको कार्यक्रमलाई जरिवाना नतोकिनु । प्रहरीले डेट एक्सपायर असुल ग्यास हानेर काठमाडौंको वातावरण र जनजीवनलाई प्रभावित पारेबापत अनि बिना कारण काठमाडौंका जनतालाई गोली चलाएर हत्या गरिनुको जरिबना कति हो? तोक्न पर्दैन । स्थानीय शासकहरूले पनि जिम्मेवार र जन चासोअनुरूप समान व्यवहार गर्नुपर्ने दायित्व हुनेछ । ढलेका र जलेका युवाहरूप्रति हार्दिक श्रद्धाञ्जली र गहिरो समवेदना!! के टुकुचाको खाल्टो यिनै युवाहरूका रगतका लागि खन्ने भनिएको हो? कि संयोग मात्र थियो बालेन? ती मिति सकिएका अशु ग्यास र गोली अनि रगत र खरानीको मूल्य चाहिँ कति हो? जरिवाना तोक्न सक्छौ डेट एक्सपायर संघीय शासक र आक्रोशित मानवीय संवेदना भन्दा माथिका स्थानीय सरकारहरू? बलेनको टुकुचामा गाड्ने संदेश आए लगत्तै तोकिएको एक हप्ताको म्यादभित्र बलेनकै आँगनमा होनहार युवाहरु गोली खाएर ढले, बालेन् सहर डेट एक्सपायर असुल ग्याँसहरूले प्रदुषित मात्र भएन २०८१ को अन्ततिर निहत्था र निर्दोष युवाहरूको रगतले लतपतियो र निर्दोष पत्रकार जिउँदै जल्न पर्यो । न बालेनले त्यसतो प्रदुषण गराएबापत क्षतिप्पुर्ति र जरिवाना तोक्यो न त ढलेका युवाहरूप्रति र आक्रोशित मनहरूप्रति समवेदना र सहानुभूति नै जनाएको देखियो ।

**कम्युनिष्ट, दुर्गा प्रसाईं र जनबिद्रोह**

राष्ट्रियको शिक्षा नीति र जनताको स्वास्थ्यमा प्रत्यक्ष र परोक्ष सहयोग पुग्ने गरी दुर्गा प्रसाईंले थालेको मेडिकल कलेज, अस्पताललाई एफिलिएसन नदिने तर मान्छे मारेर भएपनि पाथिभारामा कुटिल राजनीति गर्दै केवल कार चलाउनैपर्ने, भ्रष्टाचार गर्नैपर्ने, अनियमितता गर्नैपर्ने , भोग विलास र शासन गर्नैपर्ने द्वेद चरित्र देखिएकाले एउटा दुर्गा प्रसाईले पूर्वबाट सल्काएको आगो राजधानीमा गएर भीषण आगलागी भयो । माओवादीले ५२ सालमा पश्चिम र ग्रामीण क्षेत्रबाट सुरु गरेको हत्या हिंसाको कम्युनिस्ट राजनीति आज आएर कम्युनिस्टहरूकै छत्रछायाँमा हुर्केर कमाउनिस्ट बनेका नवसामन्त प्रसाईंको अगुवाइमा काठमाडौंबाट सुरु भयो । नेपालमा हरेक ठूला आन्दोलन र परिवर्तन कम्युनिस्टहरूकै कारण हुँदै आएका छन् तर त्यसको उपादेयता अर्थहीन बन्दैछ सर्वसाधारण जनताका लागि । यिनीहरूको देखावटी राजनीति एउटा र भित्री राजनीति अर्कै हुने गर्दछ । निर्दोष जनतामाथिको हिंसा स्वीकार्य छैन सभ्य समाजमा । राज्यको अनुमति दिएर संविधान प्रदत्त भेला हुने र सभा सम्मेलन गर्ने हकका विरुद्धमा राष्ट्रिय गान र राष्ट्र झण्डाप्रति अपमान हुनेगरी अशु ग्यास र गोली चल्नु न्यायसंगत छ ? तिनीहरूले चाहिँ न्यायको कठगरामा उभिनु पर्दैन राष्ट्रद्रोह विरुद्ध? के न्याय प्रणाली विश्वस्त छ यो हिंसा भड्काउनेहरुप्रति र हिंसा घटाउनेहरूप्रति न्यायिक र संवैधानिक निर्णय गर्न ?

**राजसंस्था, लोकतन्त्र र नयाँ हजार राजाहरु**

देश र जनताको लागि राजनीति गरे भने पनि, हिजोका राजालाई देखेर आफू राजा बन्ने लालसा पलाएको छ अहिलेका राजनीतिकर्मीहरूमा । तर हिजोका राजा र यिनका दरबार हामीले पनि हेर्यौं । वास्तवमै सर्वहाराका नेता त राजपरिवार थिए । शाहवंशीय राजसंस्थाले विशाल नेपालको एकीकरण गरी जल, जमिन र जङ्गल माथि आफ्नो स्वामित्व राख्दै नेपाली जनताहरूका माझ ती सम्पदा र सम्पत्तिहरुलाई बाडेर आफ्ना जनतालाई जमिनको मालिक साथै राजकाजको सारथी बनाए त्यसैगरी विश्व मानचित्रमा नेपाललाई आलग रास्ट्रको पहिचान स्थापना गराए अनि आधुनिक राष्ट्र, कानुनी राज्य, सिक्षा र बिकासको मूल फूटाएका उदाहरण छन् । विश्वका राजतन्त्रात्मक मुलुकहरूमा हेर्दा नेपालका राजाहरू अत्यन्त उदार, धर्मात्मा, साहसिक र जनप्रिय देखिन्छन् । तसर्थ राजसंस्थालाई गलत आक्षेप लगाउनु निराधार जस्तो लाग्दछ । राष्ट्र र जनताको सबैभन्दा बढी माया राष्ट्र जन्माउने र हुर्काउने लाई नै हुन्छ भन्ने देखिन थालेको छ । विश्वसाम्राज्यवादमा बिस्तारवाद र साम्राज्यवादमा नझुकेको यो राजसंस्था अब कुनै दल र तन्त्रसँग झुक्नु हुँदैन । झुक्नु पर्दछ भने जनता र राष्ट्रसँग मात्र हो । हिंसाको जगमा उभिएर आएको धर्म निरापेक्षिता, गणतन्त्र र सघियता आज दलीयतन्त्रमा भ्रष्ट, स्वेछाचारी र तानासाही बन्दा जनता सनातन राजनीतिमा सुधारिएको प्रजन्त्रान्त्रिक राजतन्त्रको पक्षयमा छन् ।

अहिले आन्दोलन भस्ट्राचार बिरोधको आन्दोलन हो । राजवादी आन्दोलन हो भनि नेपाली समाजलाई फेरि धोखा दिई अझ भस्ट्राचार गर्ने र् बिदेशीको दलाल भएर बस्ने विचारमा छन् अहिलेका भ्रष्ट शासकहरू । भस्ट्राचार नगरी, बिदेशीको दलाल नभइ, भस्ट्राचारको कानुन सबैलाई कडाई पुर्वक लाग्ने गरि नेपाल र नेपाली समाजको दास भै काम गर्ने जो दल आए पनि जनताको समर्थन छ । सरकार पुनः निषेधको राजनीति गर्ने तयारीमा लाग्नु झन् घटना अप्रिय बन्दै जान सक्दछन्, दबेका आवाजहरू पुनः विस्फोट हुन सक्छन् जसले फेरि अर्को अकल्पनीय हिंसा निम्तिन सक्दछ । जसरी २०५२ सालमा माओवादीले उठाएका विषयहरूलाई सरकारले नजरअन्दाज गरेर गर्दा त्यो सानो झिल्को सशस्त्र द्वन्द र गृहयुद्धमा परिणत भएको थियो । अत्यन्तै दुखद घटना भए आज देश फेरि त्यही बाटोमा जाँदैछ की?प्रश्न उठ्दछ । तसर्थ संवेदनशील भएर सरकारले सोच्न पर्दछ । जनताहरु अहिले कुनै तन्त्रको पक्ष र विपक्षमा भन्दा अहिलेका शीर्ष भनिएका राजनीतिक दलका नेता र तिनीहरूका भ्रष्ट गतिविधिबाट आजित भएका हुन् । गाउँ गाउँमा सिंहदरबार पुर्याउँछु भनेर जनतालाई झुक्याइयो र गाउँ गाउँमा, निजी स्कुल, चर्चका प्रार्थना घर, दलाली ठेक्का बट्टाका अड्डाहरु, टुर्क्याइएका घर र जमिनहरू, अनि विदेशिएका मन मस्तिष्क , खण्डहर र बाझा घर खेतहरु, उराठ लाग्दा ढुङ्गाकाटावरे महलहरू, कलेटी परेका ओठहरू, आँसु र पीडाले भरिएका मनहरु र सिँहमात्र पुग्दै गए । गाउँ गाउँमा बाटा पुगे, बिजुली पुगे, तर मानवता हराएर गयो, हिंसा र दरिद्रता थपिँदै गयो ।एकता, भातृत्व, समाजवाद, न्याय, समानता, सुशासन, परदार्शिता रजवाफदेहिता हराएर गयो तसर्थ टोल टोलका हजार राजा भन्दा एउटै राजसंस्था बेश, जन जनको बोली हो, यो राष्ट्रलाई एकताबद्ध भएर भूगोल र भावनामा बाँधि राख्न ।

**सनातन हिन्दु धर्म र गणतन्त्र**

हिजो राष्ट्र हितका लागि; राष्ट्र निर्माण, राज संस्था र राष्ट्रको सिमानाको रक्षा गर्न गठित सेना आज एउटा पार्टीको र त्यसका नेताको पहरेदारी गर्न खटिएको देख्दा राष्ट्रवादी नेपालीलाई देश वा विदेशमा आक्रोशको विजारोपण हुनु स्वभाविक हो । गणतन्त्रमा जननिर्वाचित प्रधानमन्त्री स्वेच्छाचारी र भ्रष्टाचारको संरक्षक बन्दै राष्ट्रिय विपत्ति निम्त्याउन अग्रसर हुनु र जसका विरुद्ध जनता आन्दोलित हुनु अर्को तत्कालीन कारण हुनसक्छ गणतन्त्र समाप्तिको त्यसैले यी तीन ठूला शीर्षनेताहरूले आफूलाई राजनीतिबाट अलग राखेर नयाँ पुस्तामा राजनीति सुम्पने हो भने यो विद्रोह केही हदसम्म साम्य हुन सक्दछ ।

हाम्रो नेपाली समाज विश्वमा खुशी मध्येका पर्छौं, सनातनी हिन्दू, बौद्ध, किराँत र रैथाने धर्मावलम्बी हौं तर यस्तो हजारौं वर्षको समृद्ध अनि विविध संस्कृति भएको समाजमा यस्ता हिंसात्मक साधनको प्रयोग गर्न हौसिने संस्कृति कसरी भित्रियो? त्यसमा पनि काठमाडौंको वैदिक र देवभूमि हो । यहाँ सनातन हिन्दू, बौद्ध, मुस्लिम, किरातहरूको आदिमकालका

***बाँकी चार पृष्ठमा***

# स्वास्थ्य बिमा सेवामा हैरानी छ, सहज बनाउ सरकार !

**विदुरप्रसाद दाहाल**

सूर्य विनायक नगरपालिका–४, दधिकोट भक्तपुरबाट वृद्ध आमालाई लिएर म अस्ति बिहान ८ बजे नेपाल–कोरिया मैत्री अस्पताल पुगेँ । हतार–हतार टोकन लिएँ र पालो कुरेँ । ११ बजेतिर पालो आउनै लाग्दा सर्भर चलेन । एकछिन कुर्न भने कर्मचारीले । केही घण्टा कुर्दा पनि सर्भर नचलेपछि घर फर्किएँ आमालाई लिएर ।

भोलिपल्ट अस्पताल पुगेँ र कागजपत्र बनाएर फर्किएँ । अर्को दिन रगत नमुना दिने काम भयो । दुई दिनपछि रिपोर्ट आयो । आमा सकिनसकी आडमा बस्नुभयो । डाक्टरलाई देखाउन त्यत्तिकै लामो लाइन,१२ बज्यो । डाक्टरले रिपोर्ट हेरेर औषधि थपघट गरिदिए । औषधि लिन लामबद्ध भएँ म । चार थरी औषधिमा एउटा सुगरको औषधि पाएँ । बाँकी बाहिर किन्न भने ।

औषधि किन नभएको भनेर सोधेँ मैले फार्मेसीमा । 'औषधि सप्लायर्सले पैसा नपाएकाले औषधि आपूर्ति गरेन, त्यसैले औषधि दिन सकिएन' भन्ने जस्ता जवाफ आए ।

खासमा अस्पतालले पनि बिरामी उपचार गरेको पैसा बिमा बोर्डबाट समयमा पाउँदा रहेनछन् । बिमा बोर्ड भन्छ– जथाभावी रकम दाबी गरेकाले फाइल केलाउन समय लाग्यो ।' समस्या सबैतिर जेलिएका रहेछन् । बल्ल बुझेँ मैले ।

चार दिन लाग्यो एउटा सामान्य परीक्षण गर्न । चार दिन बिदा लिएँ अफिस । अर्को महिना पनि पारा उही होला, दिक्क लाग्यो । हरेक महिना यसरी बिदा लिएर साध्य चल्ला ? बिमाको सेवा लिन हैरानी छ, न औषधि पाइन्छ न त सहज छ । समय बर्बादको त कुरै छाडौँ । बिमा सुविधा लिने कि छाड्ने ? दोधारमा छु म । सहरको यो हालत छ । गाउँगाउँमा के हालत होला स्वास्थ्य बिमाको ?

स्वास्थ्यमन्त्रीले पद बहाली गर्दाको पहिलो निर्णय बिमा सेवालाई प्रभावकारी बनाउने भन्ने थियो । मन्त्रीको नियतमाथि त अहिल्यै शङ्का नगरौँ । तर साँच्चिकै गाह्रो र हैरानी छ मन्त्रीज्यू, स्वास्थ्यबिमाको सुविधा लिन सर्वसाधारणलाई ।

नेपाल सरकारले २०७२/७३ देखि स्वास्थ्य बिमा कार्यक्रम सुरु गरेको हो । कैलाली, बाग्लुङ र इलामबाट सुरु भएको यो कार्यक्रम अहिले देशका ७७ जिल्लामा कार्यान्वयन छ । यो कल्याणकारी राज्यको अवधारणासँग सम्बन्धित भए पनि सहज छैन । सजाय दिएजस्तो छ ।

बिरामी हुन रहर कसैलाई हुँदैन । जब रोग लाग्छ अनि कताबाट ऋण खोज्ने हो बिरामी र परिवारलाई आपत आइलाग्छ । मानिसले रकम जोहो गर्ने भविष्यमा आउन सक्ने सम्भावित जोखिमका लागि हो । खान नपाइएला वा रोग लाग्दा उपचार नहोला, वा छोराछोरीको शिक्षाका लागि रकम अभावका हेतुले जम्मा गर्छन् । भ्रष्टाचार हुनुको एउटा प्रमुख कारण सहज स्वास्थ्य उपचार नहुनु हो । राज्यले स्वास्थ्य र शिक्षामा राम्रो व्यवस्था गर्ने हो भने व्यक्तिले कमाउन र जम्मा गर्न मरिहत्ते गर्दैन । स्वास्थ्य बिमाको अवधारणा राम्रो भए पनि खास जनताले राहत महसुस गर्न सकेनन् ।

धेरै नेपालीसँग बचत गर्ने क्षमता कम छ । बिहान खाए बेलुका के खाउँ भन्ने जनसंख्या अझै १५ प्रतिशतको हाराहारीमा छ । जसलाई निरपेक्ष गरिबी भनिन्छ । देशमा आधाभन्दा बढी मध्यम वर्गका मानिस छन् । जसले जेनतेन घर–व्यवहार चलाउँछन् । सामान्य मिठो–मसिनो खान्छन् तर रोग लाग्यो भने उनीहरूसँग बचत हुँदैन । रोग आकस्मिक हुने हुँदा बचत क्षमता नभएकालाई गाह्रो छ । हो, तिनीहरूलाई सम्बोधन गर्न र राज्य भएको अनुभूति दिन स्वास्थ्य बिमालाई सहज र प्रभावकारी बनाउनुपर्छ ।

हाम्रो संविधान २०७२ ले आधारभूत स्वास्थ्यको हक हरेकलाई हुनेछ । यो राज्यको दायित्व भनेर धारा ३५ मा मौलिक हकको रूपमा उल्लेख गरेको छ । दिगो विकास लक्ष्य २०३० पूरा गर्न पनि आधारभूत स्वास्थ्य जनतालाई दिनैपर्छ । राज्यले नागरिकलाई रोग लागेर अकालमा मर्न दिँदैन भन्ने मान्यता हो यो । राज्य यसबाट भाग्न सक्दैन । त्यसैले स्वास्थ्य बिमा ऐन २०७४ र स्वास्थ्य बिमा नियमावली २०७५ बनाई स्वास्थ्य बिमालाई प्रभावकारी बनाउन कोसिस गरिएको छ तर पुग्दै पुगेन । गरिबस्–निमुखा र मध्यम वर्गले राम्रो स्वास्थ्योपचार पाउन सकेका छैनन् । स्वास्थ्य बिमाको कार्यान्वयनमा धेरै चुनौती देखिए । चुनौती चिर्न सरकार असफल छ ।

राज्यले स्वास्थ्य बिमा सुरु गरेपछि स्वास्थ्य बिमाको सेवा लिनेहरू बढेका छन् । स्वास्थ्य मन्त्रालय भन्छ– अहिलेकै अवस्थामा स्वास्थ्य बिमाको भार थेग्न मुस्किल छ । अस्पतालहरू भन्छन्– 'राज्यले समयमा स्वास्थ्य बिमामार्फत उपचार गरेको भुक्तानी नगर्ने हो भने अस्पतालले स्वास्थ्य बिमाको सेवा दिन सक्दैन । देशकै ठूलो शिक्षण अस्पतालले दैनिक नयाँ र पुराना गरी पाँच सय स्वास्थ्य बिमाका बिरामीको उपचार गर्छ । ओपीडी र आईपीडीको दैनिक खर्च २० लाखको हाराहारीमा छ । एकतिहाइ बिरामी बिमा सुविधाका हुन्छन् । समयमा भुक्तानी नपाएको गुनासो छ अस्पतालको । वीर अस्पताल, पाटन अस्पताल, भक्तपुर अस्पताल, धुलिखेल अस्पतालको अवस्था पनि योभन्दा फरक छैन । बिमामार्फत गरेको उपचारको रकम बिमा बोर्डले सहज रूपमा भुक्तानी गर्न सकेको छैन ।

आखिर आपत तिनै निमुखालाई पर्छ । धनी त रोग लाग्यो कि विदेश पुगिहाल्छन् । नेताहरूलाई राज्यले सिधै लाखौँ रुपैयाँ दिन्छ । समस्या निमुखालाई नै हो । यसर्थ संविधानमा लेखेर मात्र हुँदैन । समस्या समाधानमा राज्यले फरक तरिकाले सोच्नुपर्छ । स्वास्थ्य बिमालाई थप प्रभाकारी बनाउनुपर्छ ।

बिचरा बिरामीहरूको के दोष ? स्वास्थ्य बिमा गऱ्यो भने उपचार हुन्छ भन्यो सरकारले । स्वास्थ्य बिमा गरे जनताले । तर अस्पतालमा जाँदा सेक्युरिटी गार्डदेखि कर्मचारी र स्वास्थ्यकर्मीको झर्को र फर्को हुन्छ । यता जा, उता जा, सिफारिस खै आदि । कहिले आईपीडी सेवा बन्द भन्छन्, कहिले औषधि छैन, कहिले सर्भर चलेन, सेवा बन्द छ आदि । नागरिकलाई यो किसिमको सजाय कहिलेसम्म सरकार ?

वास्तवमा सरकार संवेदनशील छैन, सरकार योजनाविहीन छ । स्वास्थ्य बिमाजस्तै अनेकौँ कार्यक्रम छरिएका छन् । हरेक संस्थानले आफ्ना कर्मचारी र परिवारलाई रोगको उपचार गर्दाको रकम भुक्तानी गर्छन् । सञ्चय कोषले ठूला रोग लाग्दा १० लाख र सामान्य रोगको हरेक वर्ष एक लाख भुक्तानी गर्छ । निजामती अस्पतालले निजामती कर्मचारीलाई उपचारमा ५० प्रतिशत छुट दिन्छ । सेना र पुलिसको आफ्नै अस्पताल छ । निःशुल्क उपचार हुन्छ ।

त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पतालले आफ्ना शिक्षक, कर्मचारी तथा निवृत्तलाई उपचार सेवा दिने गर्छ । हरेक महिना १ प्रतिशत रकम स्वास्थ्योपचार कोषमा काटेर यस्तो सुविधा दिइरहेको छ । समस्या यतिले समाधान हुँदैन । ठूलो जमात जागिरे

***बाँकी पाँच पृष्ठमा***

---

## *अनुभव र विश्लेषण...*

नमुना पाइन्छन् । त्यसैले यो विश्वको धार्मिक संग्रहालय जस्तै छ । हरेक जात धर्म र संस्कृतिको अध्ययन गर्न यो उपत्यका रङ्गशाला एउटा जिउँदो धार्मिक र जातीय सहीष्णुता सहित उभिएको सजिब पुस्तकालय हो । ठण्डा दिमागले छातिमा हात राखेर मनन गऱ्यो भने प्रष्ट बुझिन्छ २००७ सालपछि हुँदै गरेका यस्ता द्वन्द्व र क्रान्तिहरूले हामीलाई के सिकाइरहेका छन् । सबै हाम्रो विगतका कर्मको नतिजा अहिले देखिएको हो । जस्तो रोपेको त्यस्तै फल्दै गएको हो । यो अकस्मात सिर्जित घटना हैन, यसको जरो बिगतका हामीले अँगालेका बिद्रोहका विधिहरूमा ईम्बेडेड छ । आत्ममुल्यांकन गरेर आफै पत्ता नलागेसम्म व्यक्तिका अनुहार समस्या भइरहने छ । अरूलाई हैन आफ्नो अनुहार र व्यवहार हेरौं । कसैले कसैलाई उपदेश दिदैमा वा आरोप वा दोष लगाउदैमा समस्या छुमन्तर हुदैहुदैन, यो पक्का हो त्यैसैले सर्ब मान्य हुनेगरी सम्बद्ध र सहमति गरौ जनताका आबाज बन्दै गएको राजसंस्था र नयादलहरु सबैलाई सर्ब स्वीकार हुने ।

**अनुभव र विश्लेषण:**

जनता मारेर शासन गर्नु निन्दनीय हो । सबैले समयमै संयमित भएर यसको समाधान खोज्नु जरुरी छ । एउटा राज्यले संयमित तरिकाले उठेका जनताका आवाजहरू बेलैमा सम्बोधन गर्दा हुनसक्ने यस्ता सम्भावित दुर्घटनाहरू टर्न सक्दछन् तर राज्य अहंकारी हुँदै गयो भने यस्ता घटनाहरु दोहोरि राख्न सक्दछन् । तसर्थ राज्यले अभिभावकीय भूमिका जहिले पनि निर्वाह गर्नुपर्दछ । राजनीतिक दलहरू र तिनका संगठनहरूले आफ्ना गलत कार्यलाई बेलैमा सुधार गर्न पर्दछ, जनताहरुका उठेका आवाजहरुलाई दबाउन होइन सम्बोधन गर्न पर्दछ, वार्ता र संवाद बाट । सबैले बेलैमा संयमित हौं, पछि पश्चाताप गर्न पनि ढिला भइसकेको हुनेछ । हिंसाले जन्माउने त प्रतिहिंशा नै हो । यो निश्चय पनि सुखद हुँदैन । यसलाई समर्थन गर्न सकिदैन । तर जनभावनालाई कुल्चेर आलोपालो गरी गरिने कर्मकाण्डी भ्रष्ट राजनीतिको निरन्तरता पनि अब स्वीकार्य हुनेछैन । जनताको अपेक्षा अनुसार यी तीन राजनीतिक दलका प्रमुख नेताहरुले राजनीतिबाट अलग हुनु र आफ्ना काण्डहरुलाई छानबिन गर्ने बाटो प्रशस्त गर्नु अहिलेको टड्कालो माग हो जनताहरुको । राजा, युवा, जनता र पार्टीहरूबीच संवाद हुन जरुरी छ ।

मेरो विचारमा : मुलुकलाई संकट छ तसर्थसबै नयाँ अभियन्ता, पार्टी र व्यक्तिहरु; रवि, बलेन, दुर्गा, कुलमान, कार्की, नेपाल, पुन, हर्क, हमाल आदि सहित कांग्रेस मिल्नुस देसलुट्नेहरुलाई लखेट्न । अबको क्रान्ति देसलुट्ने र देश बचाउनेहरुको हुनुपर्दछ, भ्रष्ट बिचौलिया कम्युनिस्टतन्त्र र भ्रष्टाचार विरोधीहरुको हुनुपर्दछ । नेपाली कांग्रेस जस्तो जिम्मेवार पार्टीले र त्यसको गृहमन्त्रीले चैत्र १५ को घटनाको जिम्मेवारी लिनुपर्दछ । र तत्काल आफ्नो गृहमन्त्रीलाई फिर्ता बोलाउनु पर्दछ । त्यसैगरी बिचौलियाहरूले जितेर ऊर्जा मन्त्रीले जुन र जस्ता खाले निर्णयहरु गरे त्यसप्रति पनि जनता निर्मम छन् तसर्थ उनलाई पनि तत्काल फिर्ता बोलाउनुपर्छ । कांग्रेसले यी र यस्तै खाले घटनाहरूमा देश र जनताको साथ नदिए पछिल्लो पिढीले आजको कांग्रेसलाई धिक्कार्ने छन् । स्मरण रहोस् नेपालका तत्कालीन राजा ज्ञानेन्द्रले २०६२/६३ को आन्दोलनबाट भन्दा पनि देशमा जनता नमरुन् भन्ने हेतुले जनताको माग सम्बोधन गर्न र शान्तिका लागि केही समय सक्रिय शासनबाट बाहिर बसेका हुन् जनताको नासो जनतालाई फिर्ता गरेर । कुनै निर्वाचित जनमत संग्रह वा सभाबाट राजतन्त्र हटाइएको र गणतन्त्र ल्याइएको होइन त्यो त पुनर्स्थापित संसद र त्यसले मनोनित गरेका माओवादीहरु सिधै सदनमा प्रवेश गरी अन्तरिम संविधानबाट हटाइएको हो । तसर्थ राजाले पूर्ण सक्रिय हुने ठाउँ बाँकी नै रहेको देखिन्छ जनताको अभिमत हिन्दू धर्म र राजसंस्थाको विरुद्ध थिएन । यो त आयातित विदेशीहरूको चलखेत अनुरूप धर्म बेच्ने भ्रष्टाचार गर्ने र नयाँ राजा बन्ने हेतुले नियोजित षड्यन्त्रपूर्वक गरिएको यो अभिष्ट खेल थियो ।

आज जनताले पुन राज संस्थाको पुनर्स्थापना चाहिरहेका छन्, तसर्थ सक्ने हो भने राजतन्त्र वा गणतन्त्र वा संवैधानिक राजतन्त्र र प्रदेश खारेज सहितको प्रजातन्त्र भन्ने विषयमा जनमत संग्रह गरेर मात्र निर्णय गर्दा सर्वपरि र मान्य हुनेछ ।नेपालमा जनताले गणतन्त्र वा राजतन्त्र जे रोजे पनि बिचौलिया भ्रष्ट, दलाल, नवसामन्तवादर नवपुजीवाद रोजेका होइनन् । भ्रष्ट र स्वेच्छाचारी तन्त्रको अन्त्य भई पहिलेकै जस्तो धार्मिक सहिष्णुतासहितको एकात्मक शासन प्रणाली र विकसित प्रजातान्त्रिक शासन व्यवस्था को पक्षमा नेपाली छन् ।

प्रार्थना गर्दछु ! अझ कुनै अप्रिय कुरा सुन्न, देख्न नपरोस्, आफ्नै दाइ भाइ, दिदी बहिनीलाई डेको, आगजनी, तोडफोड, जनधनको क्षति हेर्न नपरोस् । कोही काखा, कोही पाखा नगरी, तर भ्रष्टहरूलाई आउट गरेर, बाँकी सबै मिलेर एकता र नयाँ सहमतिमादेश अघि बढेको हेर्न पाइयोस् । देश फेरि पनि मुठभेड, अराजकता, लुटपाट, ध्वंस तिर गएको देख्न नपरोस् । सबै पक्षको आँखा खुलोस्, समयमै चेत आओस् हाम्रो कामना र भगवान संग प्रार्थना !

**बहस गरौँ तपसिलका विषयहरूमा:**

१. संवैधानिक राजतन्त्र पुनर्स्थापना (बेलायतमा पनि १६६० मा राजतन्त्र पुनर्स्थापना पछि धर्मयुद्ध र गृहयुद्ध समाप्त भई विकासको युग सुरु भएको थियो । राज संस्था राष्ट्रको एउटा गहनाको रुपमा आलङ्कारिक तर राष्ट्रहित विपरीत; राष्ट्र विखण्डन गर्ने, धर्म मास्ने, जातीय नरणसंहार मचाउने, वैदेशिक राष्ट्रिय अखण्डता र एकतामाथि हस्तक्षेप हुने अवस्थामा र त्यस्तो कार्य भएमा अन्तिम निर्णय गर्ने अधिकार राख्ने हुनुपर्छ ।)

२. प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र सम्बन्धित विषयको योग्यता भएको संसद् वा अन्य विज्ञ मात्र मन्त्री हुने । (नेपाल जस्तो मुलुकका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति अनुपयुक्त हुन सक्छ । किनकि उनीहरू विदेशी वा बिचौलिया कसैको प्रलोभन र प्रभावमा परेर राष्ट्रहित विपरीत निर्णय गरे त्यसलाई सच्याउने कुनै संस्था नहुँदा देश नरहन पनि सक्ने अवस्था आउँछ ।)

३. हालको राजनीतिक प्रदेश खारेज/७ विकास क्षेत्रका लागि स्थानीय तहका प्रतिनिधिले चुनेको १ कार्यकारीविकास क्षेत्र प्रमुख र क्षेत्रीय प्रशासन रहने ।

४. विकेन्द्रित र अधिकार सम्पन्न स्थानीय तह ।

५. धार्मिक सहिष्णुतासहितको सनातन हिन्दू, बौद्ध र किरात राष्ट्र हुने ।

६. २०४६ साल पछिका सबै काण्डहरूको र उच्च पदस्थ कर्मचारी, नेता, व्यापारी, उद्योगी, आदिको सम्पत्ति छानबिन र सम्पत्ति शुद्धीकरण अनि भ्रष्टहरूको समूल नष्ट गरिनुपर्दछ । (स्मरण रहोस् बेलायतमा राजसंस्था पुनर्स्थापनापछि भ्रष्ट क्रमवेल र उसको पार्लियामेन्ट र त्यसले सिर्जना गरेका व्यक्तिहरूको मृत्यु पछाडि पनि ३० वर्षसम्म लासलाई सार्वजनिक स्थानमा झुन्डयाएर जनतालाई थुक्न लगाइएको थियो । ताकि भ्रष्ट र देशद्रोहीहरुले कहिल्यै पनि टाउको उठाउन नसकुन् । परिणामस्वरूप बेलायत समृद्ध बन्दै गयो ।)

७. प्रतिनिधि सभा प्रतक्ष्य १६५ र राष्ट्रिय सभा समानुपातिक५९ सदस्य मात्र ।

८. पूर्व र बहालवाला निर्वाचित पदाधिकारीलाई पुरै सुविधा र तलब कटौती ।

९. जातीय समावेशिता र जातीय आयोगहरू खारेज । गरिब दलित, अपाङ्ग, विपन्न र पिछडिएका वर्गका लागि मात्र समावेशी आयोग र समावेशिता हुनुपर्ने ।

१०. सरकारी, संस्थान, गैर सरकारी, स्कूल, विश्वविद्यालयहरु लगायत सबै सार्वजनिक सेवा क्षेत्रमा राजनीतिक भातृ संगठन को अन्तय गर्नुपर्ने । तर श्रेणी विहिन कर्मचारी मजदुर, विपन्न, दुर्गम, किसानहरुका लागि मात्र पेसागत संगठनचाइने । राजनीतिक गन्ध नआउने विशुद्ध पेशागत संगठन हुनुपर्दछ ।

११. जघन्य अपराध, सामूहिक बलात्कार, नीतिगत भ्रष्टाचार, भ्रष्टाचारलाई ढाकछोप गर्ने न्यायिक निर्णय गर्ने अरुलाई मृत्युदण्डको व्यवस्था र तिनका ३ पुस्ता सम्मको देश विदेशमा रहेको सबै सम्पत्ति राष्ट्रियकरण गर्ने र ३ पुस्तासम्म सरकारी सेवामा प्रवेशमा रोक लगाउने ।

१२. विदेशमा रहेका नेपालीले भोटिङ चप्नजतक र मतदान गर्न पाउने व्यवस्था गर्ने । ल्य खयतभ र चभवभअतष्यल को व्यवस्था लागू गर्ने ।

१३. भ्रष्टाचार प्रमाणित व्यक्तिहरुका पासपोर्ट उसको पुस्ता र परिवार सम्म जारी नहुने, र यसको पुस्ता सम्म बसाइसराई गर्न नपाउने गरी दुर्गम हिमाली जिल्लामा मात्र बस्न पाउने गरी परिचयपत्र जारी गर्ने । त्यसताका जन्ती र मलामी पनि नजाने कानुन ।

१४. विदेशी बैंकमा राखेका र अवैध विदेश लागिएको सम्पत्ति फिर्ता ल्याउने । त्यसका लागि नेपाल राष्ट्र बैंकले विदेशिएको सम्पूर्ण रकमको तथ्याङ्क राख्ने र अनुमति लिएर त्यस्तो मुद्रा अपचलन गरेकोमा यी सम्पूर्ण मुद्राहरुलाई र त्यसले आर्जित चल र अचल सम्पत्तिलाई अन्तर्राष्ट्रिय रूपमा खारेज गर्न अन्तर्राष्ट्रिय समुदाय र अन्तर्राष्ट्रिय मुद्राकोष को समन्वय गरी खारेज गर्ने र नेपालमा त्यो बराबरको सरकारले मुद्रा जारी गर्ने व्यवस्था गर्नुपर्ने ।

१५. राष्ट्रिय परिचयपत्रमा, उद्योग, व्यापार, ब्यबसाय, लगाएत सबै सम्पत्ति विवरण अनिवार्य लिंक हुन पर्ने र राज्यको पद, शासन, ररसरकारमा बसेकाहरुको सम्पत्ति सार्वजनिक हुने । अन्यथा पाइए जफत हुने ।

१६. एक व्यक्ति १ बैंक खाता मात्र, १ ब्लु बुक, १ रेड बुक र ५० हजार भन्दा बढी अबकज कारोबार तिर यलप्लिभ उबअभलत मात्र हुने ५० हजारभन्दा माथिको कारोबारमा । ५०० र १००० का का नोट बन्दी गरिनुपर्ने जसले गर्दा भ्रष्टाचारमा निरुत्साहित हुन्छन् ।

१७. नेपाल भित्र विपन्न, दुर्गम, दलित, न्यून वर्गीय लगायत सबै सेवाका कर्मचारीका र कृषकका सन्तानाले चाहेको सबैखालका तहका समुदिएक शिक्षा र स्वास्थ्य निःशुल्क ।

१८. सबै राष्ट्र सेवाका कर्मचारी र किसानलाई १ लाख सम्मको निःशुल्क क्रेडिट कार्ड ।

१९. सबै सरकारी, संस्थान लगायतमा जागिर सेवा प्रवेश प्रतिस्पर्धामा आधारित, एउटै लोकसेवा आयोगको माध्यमबाट नियुक्ति हुने ।

२०. हरेक ७ विकास क्षेत्रमा कम्तीमा ५ वटा मेडिकल कलेज अस्पताल सहित हरेक कर्मचारी, कृषक, मजदुर र विपन्न नागरिकहरुका परिवार सहितको आजीवन स्वास्थ्य बीमा ।

२१. सबै पेशा र सेवाका कर्मचारी, लघु कृषि उद्यमी, कृषि व्यापार र विस्तार तथा कृषकहरुलाई २ प्रतिसितमा आवास, शिक्षा, र विद्युतीय यातायात, उद्योग र उपकरण खरिद ऋण ।

२२. उच्च शिक्षामा २ प्रतिसित ब्याजमा सबै कर्मचारी, कृषक, मजदुर र न्यून आय भएका परिवारका सर्वसाधारण विद्यार्थी लाई ऋण र सुविधा ।

२३. हरेक कर्मचारीका सन्तानाहरू अनिवार्य सार्वजनिक विद्यालय र क्याम्पसमा पढ्नु पढाउनु पर्ने ।

२४. सरकारी जागिरे, धनाढ्य, ठूला व्यापारी, युरोप, अमेरिका र एच धारीका परिवारले सामाजिक सुरक्षा भत्ता नपाउने ।

लेखक केशवप्रसाद लम्साल डिग्री क्याम्पस विराटनगरका प्राध्यापक हुन् । स्वास्थ्य खबरबाट

# “किसानको आली देखी उपभोक्ताको थाली सम्म” अभियान सुरु

**राजविराज**/राष्ट्रिय खाद्य बैंक लिमिटेड काठमाडौले दिगो कृषि उत्पादका लागी मधेश प्रदेशमा विहीवारदेखी “किसानको आली देखी उपभोक्ताको थाली सम्म” अभियान सुरु भएको छ ।

खाद्य बैंकले मधेश प्रदेशमै सप्तरी जिल्लाबाट अन्तरक्रियाको आयोजना गर्दै अभियानको शुरुवात गरेका छन् ।

सप्तरी उधोग बाणिज्य संघको समन्वयमा राजविराजमा आयोजित कार्यक्रमा प्रमुख अतिथी राष्ट्रिय खाद्य बैक लि.का अर्थ संयोजक दिपेन्द्र बहादुर क्षेत्रीले फुलको गमलामा पानी हालेर उक्त अभियानको शुभारम्भ गरेका हुन ।

अभियानको शुभारम्भ गर्दै कार्यक्रमका प्रमुख अतिथी क्षेत्रीले खाद्य क्षेत्रमा भएको विद्यमान आवश्यक्तालाई परिपुर्ती गर्न, आफैले उत्पादन, भण्डारण र बाजारीकरण गर्न तथा खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संरक्षण गर्न लगायतका विषय समेटेर अभियानको थालनी गरिएको बताए ।

स्थानीय तहको समन्वयमा कृषि क्षेत्रको अध्यन अनुसन्धान गरी ठाउँ अनुसारको बाली उत्पादनमा प्रोत्साहन गर्ने योजना रहेको उनले बताए ।

राष्ट्रिय खाद्य बैंक लि.का संस्थापक अध्यक्ष एवं राष्ट्रिय कार्यक्रम संयोजक शंकरनाथ उप्रेतीले खाद्यान्न उत्पादन गर्दै उत्पादित खाद्यान्नको बजारिकरण गर्ने, रैथाने कृषि उपजको अध्ययन, अनुसन्धान गर्न जोड दिने तथा वातावरण र माटोको संरक्षण गर्दै दिगो कृषिका नमुनालाई बढावा दिने उदेश्यका साथ आफुहरु किसानको “आली देखी उपभोक्ताको थाली” सम्म अभियान लिएर मधेश प्रदेश आएको जानकारी दिए ।

उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवालको अध्यक्षतामा आयोजित कार्यक्रममा मलखाद्य, विऊ विजनको अभाव तथा लागत अनुसारको आम्दानी हुन नसक्दा किसानहरु अन्य पेशामा लाग्न बाध्य अग्रवालले बताए । स्थानीय उत्पादनले माग धान्न नसक्दा अहिले करौडोको खाद्यान्न आयत हुन थालेको छ, अध्यक्ष अग्रवालले भने- किसानलाई कृषि पेशा मै टिकाई राख्न तिनै तहका सरकारले प्रोत्साहनका ठोस कार्यक्रम ल्याउनु जरुरी रहेको उनको भनाई छ ।

कार्यक्रममा राष्ट्रिय खाद्य बैंक लि.का सचिव प्रा.डा.जिवनाथ धिताल, म्यानेजिङ डाइरेक्टर जीपी ढुङ्गेल, अन्तराष्ट्रिय मार्केटिङ निर्देशक केदार पराजुली, प्राविधीक विभागका इन्जिनीयर संतोष प्रसाई, मार्केटिङ डाइरेक्टर दिनेश प्रसाद अधिकारीका साथै उधोग बाणिज्य महासंघका केन्द्रीय सदस्य अरुण प्रधान, राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन, सुरुंङ्गा नगरपालिकाका नगर प्रमुख गीता चौधरी, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव लगायतले पनि बोल्दै किसान र कृषि क्षेत्रमा देखिएको समस्याबारे चर्चा गर्दै आ-आफना धारणा राखेका थिए ।

# मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको एकेडेमिक भवनको शिलान्यास

**धनुषा**/मधेसका मुख्यमन्त्री सतिश सिंहले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको एकेडेमिक भवनको सोमबार शिलान्यास गरेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका १३ स्थित मणि मण्डप पछाडिको गुठी जग्गामा दुई करोड ५० लाखको लागमा निर्माण हुन लागेको भवनको मुख्यमन्त्री सिंहले शिलान्यास गरेका हुन् ।

मुख्यमन्त्री सिंहले उक्त एकेडेमिक भवनको निर्माणले शैक्षिक गतिविधिलाई थप सहज बनाउने अपेक्षा गरिएको बताए ।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार विनोद यादवका अनुसार प्रतिष्ठानको शैक्षिक भवनसहित कक्षा कोठा, प्रयोगशाला र अस्पतालको संरचना निर्माण गर्ने योजना रहेको बताउनुभयो । उहाँले भवन निर्माणपछि शैक्षिक गतिविधिमा सुधार आउने बताए ।

नगरप्रमुख मनोजकुमार साहले गुठीको जग्गमा कानुनी प्रक्रिया पूरा गरी भवन निर्माण हुन लागेको स्पष्ट पारे । उनले सामाजिक कार्यका लागि निर्माण भइरहेकाले भवनको दुवै छेउमा वैकल्पिक सडकको व्यवस्था मिलाइने जानकारी दिँदै सबै पक्षलाई सहयोग गर्न आग्रहसमेत गरे ।

## *स्वास्थ्य बिमा ...*

छैन । समस्या उनीहरूका लागि हो । सोच्नुपर्ने तिनका लागि हो राज्यले ।

जसको खास आयस्रोत छैन । सक्नेलाई दोहोरो सुविधा छ । गरिब निमुखाका पीडा र हैरानी कुरा गरी साध्य छैन । समस्याको समाधान नभएको होइन, छ । सरकारले एकद्वार नीति अपनाउनुपर्छ । सार्वजनिक तलब खानेहरूको हरेक महिना एक प्रतिशत तलब काट्ने र सो रकम स्वास्थ्य बिमा कोषमा जम्मा गर्ने व्यवस्था गर्नुपर्छ । एक परिवारको वा पाँच जनाको बिमा शुल्क ३५ सय रुपैयाँबाट दोब्बर सात हजार गरे अल्पकालका लागि समस्या समाधान हुन सक्छ । साँच्चिकै गरिब र निमुखा वर्गलाई स्थानीय सरकारले पूरै वा आधा प्रिमियम छुट दिनुपर्छ । यो गाह्रो कुरा होइन, गर्न सकिने काम हो ।

**समस्या समाधानका सात उपाय**

१) गरिब र निमुखाका लागि स्थानीय सरकारले पूरै वा आधा प्रिमियम तिरिदिने व्यवस्था गर्नुपर्छ । तर प्रिमियम शुल्क बढाउनुपर्छ ।

२) दोहोरिएका स्वास्थ्य बिमाजस्तै कार्यक्रमलाई एकद्वार प्रणालीमा लानुपर्छ ।

३) सार्वजनिक तलब खानेको १ प्रतिशत रकम हरेक महिना स्वास्थ्य बिमा कोषमा जम्मा गर्नुपर्छ ।

४) प्रवेश बिन्दु वा रिफरको झन्झट हटाउनुपर्छ ।

५) बिमा बोर्डलाई प्रविधिमैत्री बनाई हस्पिटलले दिएको सेवा उसको सर्भरबाट तत्काल हेर्न मिल्ने बनाउनुपर्छ ।

६) बिमा गरेको भन्दैमा अनावश्यक चेक जाँच र परीक्षण गर्न रोक्नुपर्छ ।

७) दैनिक २०औँ लाख बराबरको सेवा दिएका हस्पिटललाई सोबापतको रकम छिटो भुक्तानी दिने व्यवस्था मिलाउनुपर्छ । अन्यथा अस्पतालहरू समस्यामा पर्नेछन् ।

यसो गर्न सके स्वास्थ्य बिमामा देखिएका समस्या समाधान हुनुका साथै हस्पिटलहरूको गुनासो पनि सम्बोधन हुन्छ । स्वास्थ्य बिमाको सेवा लिन हैरानी छ । सहज बनाउ सरकार । रातोपाटीबाट


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश


# अन्तर्राष्ट्रिय समाचार

## म्यान्मामा भूकम्प : मृतकको संख्या ३३०० नाघ्यो

**याङ्गुन**/म्यान्मामा ठूलो भूकम्पबाट मर्नेहरूको सङ्ख्या तीन हजार तीन सयभन्दा माथि पुगेको सरकारी मिडियाले शनिबार बताएको छ । संयुक्त राष्ट्रसङ्घका सहायता प्रमुखले विश्वसामु विपद्ग्रस्त राष्ट्रलाई सहयोग गर्न नयाँ आह्वान गरेका छन् । मार्च २८ को भूकम्पले देशभरका भवन र पूर्वाधारहरू ध्वस्त पारेको छ । यसको परिणामस्वरूप तीन हजार तीन सय ५४ जनाको मृत्यु र चार हजार पाँच सय आठ जना घाइते भएको तथा दुई सय २० जना बेपत्ता भएको सरकारी मिडियाले प्रकाशित गरेको नयाँ तथ्याङ्कले जनाएको छ । विपद् भएको एक हप्ताभन्दा बढी समयपछि पनि देशका धेरै मानिस अझै आश्रयविहीन छन्, या त तिनीहरूको घरहरू नष्ट भएका कारण या थप भत्किने डरले बाहिर सुत्न बाध्य छन् । संयुक्त राष्ट्रसङ्घको एक अनुमानअनुसार ७.७ म्याग्निच्युडको भूकम्पले ३० लाखभन्दा बढी मानिस प्रभावित भएको हुन सक्छ । यसले चार वर्षको गृहयुद्धले निम्त्याएको अघिल्लो चुनौतीहरूलाई थप जटिल बनाएको छ । संयुक्त राष्ट्रसङ्घका शीर्ष सहायता अधिकारीले शनिबार मध्य म्यान्माको मण्डाले सहरमा पीडितहरूसँग भेट गरे । मण्डाले भूकम्पको केन्द्र नजिकै अवस्थित छ र अहिले सहरभरि गम्भीर क्षति बेहोरेको छ ।

“विनाश आश्चर्यजनक छ”, टम फ्लेचरले एक्समा एक पोस्टमा लेख्नुभएको छ, “विश्व म्यान्माका जनताको साथमा उभिनु पर्छ ।” देशको सैन्य जुन्ता प्रमुख मिन आङ ह्लाइङ शुक्रबार बैंककमा क्षेत्रीय शिखर सम्मेलनमा एक दुर्लभ विदेश यात्राबाट फर्केपछि नयाँ मृत्यु सङ्ख्या घोषणा गरिएको थियो । बैंककमा जुन्ता प्रमुखले थाइल्यान्ड र भारतका प्रधानमन्त्रीहरू लगायत नेताहरूसँग भेट गर्नुभएको थियो । जनरलको शिखर सम्मेलनमा उपस्थितिले विवाद निम्त्याएको थियो । स्थलमा प्रदर्शनकारीहरूले उहाँलाई ‘हत्यारा’ भनेर ब्यानर प्रदर्शन गरेका थिए र जुन्ता विरोधी समूहहरूले उहाँको सहभागिताको निन्दा गरेका थिए । सन् २०२१ को विद्रोहमा आङ सान सुकीको नागरिक सरकारबाट सत्ता खोसेपछि उहाँको सशस्त्र सेनाले म्यान्मामा शासन गरेको छ । उक्त सैन्य कूले बहुपक्षीय द्वन्द्व निम्त्याएको छ र यो अझै समाधान हुन सकेको छैन । भूकम्पपछि जुन्ताले दर्जनौं आक्रमण गरेको बताइएको छ । यसमा बुधबार अस्थायी युद्धविराम घोषणा भएदेखि कम्तीमा १६ वटा आक्रमण भएको संयुक्त राष्ट्रसङ्घले शुक्रबार जनाएको छ ।

वर्षौंको लडाइँले म्यान्माको अर्थव्यवस्था र पूर्वाधार तहसनहस पारेसँगै भूकम्पपछिको राहत प्रदान गर्न अन्तर्राष्ट्रिय प्रयासहरूलाई उल्लेखनीय रूपमा बाधा पुऱ्याएको छ । चीन, रूस र भारत उद्धार टोलीहरू म्यान्मा पठाएर बाँचेकाहरूलाई पत्ता लगाउन मद्दत गर्ने पहिलो देशहरू मध्ये थिए । संयुक्त राज्य अमेरिका परम्परागत रूपमा अन्तर्राष्ट्रिय विपद् राहतको अग्रणी रहेको छ तर राष्ट्रपति डोनाल्ड ट्रम्पले देशको मानवीय सहायता एजेन्सीलाई विघटन गर्नुभएको छ । वासिङ्टनले शुक्रबार म्यान्मालाई पहिलेको २० लाख डलरको सहायतामाथि थप ७० लाख डलर थप्ने बताएको छ । एजेन्सी

## अमेरिकी करको प्रभाव कम गर्न बंगलादेशी सरकार र व्यवसायीबीच छलफल आह्वान

**ढाका**/विश्वको दोस्रो ठूलो गार्मेन्ट उत्पादक राष्ट्र बङ्गलादेशका टेक्सटाइल व्यवसायसँग सम्वद्ध नेताहरूले अमेरिकी करले प्रमुख उद्योगका लागि ‘ठूलो धक्का’ भएको बताएपछि बङ्गलादेशका अन्तरिम नेताले शनिबार आपतकालीन बैठक आह्वान गर्नुभएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार बङ्गलादेशमा कपासमा १६ प्रतिशत र पोलिस्टर उत्पादनमा ३२ प्रतिशत कर वृद्धि गर्दै बङ्गलादेशमाथि ३७ प्रतिशत कर लगाउने घोषणा गर्नुभएको छ । टेक्सटाइल र गार्मेन्ट उत्पादनले बङ्गलादेशमा निर्यातको लगभग ८० प्रतिशत हिस्सा ओगटेको छ । गत वर्ष तत्कालिन प्रधानमन्त्री हसिनालाई पदच्युत गरेको विद्यार्थी नेतृत्वको आन्दोलनका कारण धरासायी बनेको यो उद्योगको पुनः निर्माण भइरहेको वेला भएको अमेरिकी कर वृद्धिले बङ्गलादेशलाई आर्थिक रूपमा उल्लेख्य असर गर्ने भन्दै सरकारी प्रतिनिधि र व्यवसायीबीच छलफल सुरू भएको हो ।

बङ्गलादेशले संयुक्त राज्य अमेरिकामा वार्षिक ८.४ अर्ब अमेरिकी डलरबराबरको गार्मेन्ट निर्यात गर्ने गरेको बङ्गलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एण्ड एक्सपोर्टर्स एसोसिएसन (बीजीएमईए) को तथ्याङ्कले देखाएको छ । यो बङ्गलादेशको कुल तयारी पोशाक निर्यातको करिब २० प्रतिशत हिस्सा हो । “अमेरिकी करको विषयमा छलफल गर्न सरकारका मुख्य सल्लाहकार प्रोफेसर मोहम्मद युनुसले आपतकालीन बैठक बोलाउनुभएको छ,” राजधानी ढाकामा शनिबार अबेर राति हुने बैठकबारे एक सरकारी विज्ञप्तिमा भनिएको छ ।

सम्मेलनमा उच्च विज्ञ, सल्लाहकार र अधिकारीहरू सहभागी हुने बताइएको छ । बङ्गलादेशको कर प्राधिकरण, नेशनल बोर्ड अफ रेभेन्यूले पनि अतिचरित्त करबाट हुने असरको समीक्षा गर्न बैठक गर्ने अपेक्षा गरिएको छ । करिब दुई करोड ५० लाख अमेरिकी डलरको कारोबार गर्ने प्रमुख उत्पादक कम्पनी आरडिएम ग्रुपका अध्यक्ष रकिबुल आलम चौधरीले बिहीबार उद्योगले व्यापारको रफ्तार गुमाउने बताउनुभएको छ । “कर वृद्धिले मूल्यमा आउने परिवर्तनसँगै क्रेताहरू अन्य लागत-प्रतिस्पर्धी बजारहरूमा जानेछन् र यो हाम्रो उद्योगको लागि ठूलो धक्का हुनेछ,” उहाँले भन्नुभयो । बङ्गलादेशमा धेरै गार्मेन्ट फ्याक्ट्रीहरूले अमेरिकी बजारका लागि मात्र कपडा उत्पादन गर्छन् । बीजीएमईएका प्रशासक अनवर हुसेनले एएफपीसँग बताएअनुसार उद्योग कर वृद्धिबाट हुने प्रभावको लागि ‘तयार छैन’ । एजेन्सी

# जातिय विभेद तथा छुवाछुत गर्नेहरुमाथी कारवाहीको माग

**राजविराज**/डोम उत्थान समाज सप्तरीले जातिय विभेद तथा छुवाछुत गर्नेहरुमाथी कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीलाई ज्ञापनपत्र बुझाएको छ।

समाजका अध्यक्ष सिकिन्दर मरिक तथा वरिष्ठ सल्लाहकार युक्तिलाल मरिकको नेतृत्वमा मंगलबार पुगेको टोलीले उक्त मागसहित प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ज्ञापनपत्र बुझाएको हो।

सिरहाको औरही गाउँपालिकास्थित दिपक मरिकको घर भत्काई उठीवास बनाउने औरही गाउँपालिकाका अध्यक्ष शिवजी यादव, महायज्ञ संयोजक बजरंगीबाबा, पूर्व वडाअध्यक्ष दिलिप यादव र अन्य गाउँका अगुवाहरुलाई कारवाहीका लागि गम्भिर चासो देखाउनु पर्ने माग समेत गरिएको छ।

बुझाइएको ज्ञापनमा सिरहाको सो गाउँपालिका वडा नं. ५ का दिपक मरिक र उनकी श्रीमती अनिता कुमारी मरिकलाई महायज्ञको नाममा वर्षौंदेखी बसोवास गर्दै आइरहेको स्थानबाट उठिवास गराएकोमा समाजको गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ।

मरिक परिवारलाई यथास्थानमा आवाससहितको पुर्नस्थापना, मरिक दम्पत्तिलाई गाउँपालिकामा करारको सरसफाई कर्मचारीमा कुनै हस्तक्षेप नगर्न तथा अर्को व्यवस्था नहुन्जलेसम्म डोम तथा अन्य दलितहरुलाई उठिवास नगर्न ज्ञापनपत्र मार्फत माग गरिएको छ।

बुझाइएको ज्ञापनमा ३० वर्षदेखी वसोवास गरिरहेका मरिक दम्पत्तिलाई केन्द्र सरकारको आर्थिक लगानी तथा प्रदेश सरकारको समन्वयमा १५ फिट चौडाई र २३ फिट लम्बाईको दुई कोठे पक्की घर शहरी विकास तथा भवन निर्माण कार्यालय सप्तरीको निगरानीमा निर्माण गरिएको स्मरण गराउँदै पक्की घर समेत डोजरले भत्काई पीडितलाई बस्तीबाट टाढा कोही नभएको स्थानमा तीन धुर ऐलानी जग्गामा टहरा बनाएर उनीहरुलाई बस्न बाध्य बनाएको उल्लेख छ।

# मविव क्याम्पसको प्रमुखमा डा. कर्ण नियुक्त

**राजविराज**/महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजको क्याम्पस प्रमुखमा डा. सुशिल चन्द्र कर्ण नियुक्त भएका छन्।

मंगलबार क्याम्पस प्रशासनले आयोजना गरेको पदभार तथा स्वागत समारोहमा नवनियुक्त क्याम्पस प्रमुख कर्णले संचारकर्मीहरुलाई प्रतिक्रिया दिँदै क्याम्पसमा विद्यमान विभिन्न चुनौतीलाई चिर्दै त्यसलाई अवसरमा परिणत गर्ने प्रतिबद्धता जनाएका छन्।

क्याम्पस प्रमुख डा. कर्णले कानुन संकायतर्फ ८ सय विद्यार्थीमा एक जना प्राध्यापक, व्यवस्थापन संकायतर्फ तीन जना प्राध्यापकमा कक्षा संचालन गर्नु पर्ने बाध्यता रहेको लाचारी पनि सुनाए।

क्याम्पसमा निकै चुनौती रहेको भन्दै क्याम्पस प्रमुख डा. कर्णले त्रिविको नियम अनुसार नियमित कक्षा संचालनका लागि आवश्यक पहल गर्ने बताए। उनले क्याम्पसको शैक्षिक वातावरणका लागि सहयोगि हातहरु, विद्यार्थी, शिक्षक, राजनीतिक दल लगायतले पनि सहयोग गर्नु पर्ने जिकिर गरे।

क्याम्पसको शैक्षिक स्तर तथा अन्य सुधार एकै पटक हुन नसक्ने बताउँदै क्याम्पस प्रमुख डा. कर्णले त्यसका निम्ति महिनामा एक प्रतिशत गर्दै वर्ष १२ प्रतिशत तथा चार वर्षमा ४८ प्रतिशत परिवर्तन गर्नेतर्फ आफू अगाडी बढ्ने आफ्नो योजना रहेको सुनाए।

कक्षा नियमित संचालनका लागि विद्यार्थीहरुका साथ साथै प्राध्यापक र अध्यापक समेत जिम्मेवार बन्नु पर्नेमा जोड दिँदै प्राध्यापकको पदपूर्तीका लागि त्रिविसँग सहकार्य गरेर प्रक्रिया अनुसार करार र करारबाट स्थायी गर्नेतर्फ आफू लाग्ने सुनाए।

यसअघि नवनियुक्त क्याम्पस प्रमुखलाई पूर्वक्याम्पस प्रमुख अमरकान्त झा, डा. सर्वेशचन्द्र मिश्र, लुम्बिनी विश्वविद्यालयका पुर्व रजिष्ट्रार डा. पिताम्बरलाल यादव, अवकाश प्राप्त प्राध्यापक अवधकिशोर सिंह, प्राध्यापक संघका सभापति पुष्पेन्द्र झा, डा. सूर्या यादव, स्ववियु अध्यक्ष रंजित कुमार यादवसहित क्याम्पसका विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरुले अविर र फुलमाला लगाएर स्वागत गरेका थिए।

# एमालेको मोटरसाइकल र्‍याली

**राजविराज**/नेकपा एमाले सप्तरीले सोमबार सप्तरीमा मोटरसाइकल र्‍याली निकालेको छ।

संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि प्रतिगामी तत्वलाई परास्त गरौ भन्ने मुल नाराका साथ उक्त मोटरसाइकल र्‍याली निकालिएको हो।

एमाले पार्टी कार्यालय मदननगरबाट सयौंको संख्यामा निकालिएको मोटरसाइकल र्‍याली नगरपरिक्रममा पश्चात् स्थानीय जनआन्दोलन चौकमा बिरोध सभामा परिणत भएको थियो।

बिरोध सभालाई सम्बोधन गर्दै एमाले नेता तथा पोलिटब्यूरो सदस्य सुमनराज प्याकुरेलले मोटरसाइकल र्‍याली एउटा सिनेमाको ट्रेलर मात्र रहेको दावी गर्दै गणतन्त्रको पक्षधरहरु एकजुट हुनुको विकल्प नरहेको बताए।

बिरोधसभालाई एमाले सप्तरी अध्यक्ष ताराकान्त चौधरी लगायत अन्य नेताहरुले सम्बोधन गरेका थिए।

# झण्डै दुई लाख मुल्य बराबरको माछा लुटिए

**राजविराज**/अदालतको आदेश कार्यान्वयन गर्न पुगेका प्रहरी र जनप्रतिनिधि कै अगाडी पोखरीबाट निकालिएको झण्डै दुई लाख मुल्य बराबरको माछा लुटिएको छ।

रुपनी गाउँपालिका ३ कटैयास्थित धामी पोखरीबाट १ लाख ९० हजार मुल्य बराबरको करिब ६ सय किलो माछा लुटपाट भएको हो।

उक्त पोखरी गाउँपालिका सार्वजनिक र स्थानीय एक पक्षले निजि भएको दाबी गर्न थालेपछी सो विवाद अदालत पुगेको थियो। सप्तरी जिल्ला अदालतले पोखरी विवादको अन्तिम किनारा नलागुन्जले पोखरीमा रहेको माछा बिक्रि गरि प्राप्त आम्दानी गाउँपालिकाको राजश्व खातामा जम्मा गर्न आदेश दिएको थियो।

सो वडाका इनरदेव चौधरी धामीले पुर्खौंदेखी आफूहरुले हकभोग र रेखदेख तथा संरक्षण गर्दै आएको उक्त पोखरी आफूहरु कै परिवारको रहेको दावी गर्दै आएका थिए। तर वडा कार्यालयले उक्त पोखरी निजि नभई सार्वजनिक भएको दाबी गर्दै आएको थियो।

अदालतकै आदेश कार्यान्वयनका लागि पत्थरगाढा प्रहरी चौकीका असई बैजु यादव, वडाअध्यक्ष अमरलाल मुखिया सुरक्षाकर्मीसहित पोखरी पुगेको बेला उनीहरुकै उपस्थितिमा पोखरीबाट झण्डै ६ सय किलो माछा बाहिर निकालिएको थियो। तर एक्कासी आएको गाउँलेहरुको एक भिडले ती सबै माछा लुटेर लगेको प्रहरीको भनाई छ।

प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले अचानक ठूलो संख्यामा आएको समूहले माछा लुटपाट गरेको र सो बारे आवश्यक अनुसन्धान भइरहेको जानकारी दिएका छन्।


## खाना पकाउने ग्याँस प्रयोगमा सावधानी अपनाऔं ।

➢ सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
➢ ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
➢ ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
➢ प्रयोग मिति यकीन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं,
➢ ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं,
➢ आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर सञ्चय नगरौं,
➢ कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## मुलुकमा अझै ...

पनि बोल्दै महिला हिंसा न्यूनिकरणका लागि प्रहरी प्रशासनले गरेको प्रयास र खेलेको भूमिका बारे चर्चा गरे।

नेपाल सरकार र एशियाली विकास बैंकको साझेदारीमा संचालित महिला समुत्थान परियोजना अन्तरगत नेपाल प्रहरीमा कार्यरत प्रहरी अधिकृत तथा प्रहरी जवानहरुलाई लैङ्गिक अपराधको अनुसन्धान सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास तथा उक्त कार्यमा सक्षम र सबल बनाउने उद्देश्यका साथ गत चैत्र १७ देखी उक्त तालिम सुरु भएको थियो।

तालिममा सेक्सुअल अफेन्स, एकाउन्टिबिलिटी, डोमेस्टिक भ्वाइलेन्स, जेन्डर इक्विलिटी एण्ड सोसल इनक्लुजन, लिगल प्रेभिजन, जेन्डर बेस्ड भ्वाइलेन्स लगायत १४ विषयमा तालिम प्राप्त प्रशिक्षकहरुबाट तालिम प्रदान गरिएको थियो।

कार्यक्रम महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आयोजना र नेपाल प्रहरीको सहकार्यमा सम्पन्न गरिएको मन्त्रालयका अधिकृत दिपिका सिटौलाले जानकारी दिइन्।


## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्। धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं। **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुर्‍याऔं।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*